# आर्थिक वर्ष २०७८/०७९ को

## आय - व्ययको सार्वजनिक जानकारी वक्तव्य

थाक्रे गाँउपालिका

धादिङ जिल्ला

बागमती प्रदेश, नेपाल

२०७८

**थाक्रे गाउँपालिकाको नवौ. गाँउसभामा थाक्रे गाउँपालिकाको उपाध्यक्ष श्री अम्बिका रुपाखेती पौडेलद्धारा प्रस्तुत आर्थिक बर्ष २०७८/७९ को आय - व्ययको सार्वजनिक जानकारी वक्तव्य**

**सभाका आदरणीय अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

यस थाक्रे गाउँपालिकाको नवौं गरिमामय गाउँसभामा आ.व. ०७८/०७९ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा अत्यन्तै गौरावान्वित भएको छु । सिंहदरवारमा केन्द्रित अधिकारलाई विकेन्द्रीकरण गर्दै नागरिकक्को घरदैलोबाटै सेवा उपलब्ध गराउने उद्देश्यले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत संघ, प्रदेश र स्थानीय तहको सरकार निर्माण भएको छ। थाक्रेवासीको जीवनमा सुख र मुहारमा खुसी ल्याउने संकल्प बोकेको हाम्रो स्थानीय सरकार सबै थाक्रेवासीहरुको चाहनालाई यथार्थतामा बदल्न हामी दृढ संकल्पका साथ अगाडी बढिरहेका छौं ।

**समृद्ध थाक्रे गाउँपालिका र सुखी थाक्रे वासी** निर्माण गर्ने अभियानमा थाक्रे गाउँपालिकाले आफ्नो क्रियाकलाप संचालन गरिरहेको छ। यसको लागि चा.लु आ.व. को अनुभव समेत वाट आ.व. ०७८/७९ को योजना तथा कार्यक्रम छनौट गरी प्रभावकारी कार्यान्वयन गर्न वजेट व्यवस्था गरेको छु । यस महत्वपुर्ण अवसरमा मुलुकको राजनीतिक र अग्रगामी परिवर्तनका लागि संघर्ष र आन्दोलनका क्रममा सहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु । यसै क्रममा घाईते तथा अपांगता भई कष्टकर जीवन निर्वाह गर्न वाध्य हुनुभएका सम्पूर्ण सहयोद्धाहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोभिड १९ महामारीको कारण ज्यान गुमाउनु हुने सम्पुर्णमा हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु र संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

समता र समावेशीताका माध्यमबाट समानता, सुशासन सहितको सेवा प्रवाह, सहभागितामुलक विकास प्रवाह र लोकतान्त्रिक पद्धतिका आधारमा नीति तथा कार्यक्रम प्रवाह गर्ने थाक्रे, गाउँपालिकालाई समुन्नत र समृद्ध बनाउने दृढ ईच्छाशक्तिका साथ थाक्रे गाउँपालिका अघि बढिरहेको छं ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, गाउँपालिकाको आर्थिक विधेयक, २०७८, विनियोजन विधेयक, २०७८, गाउँपालिकाको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, गाउँपालिकाका विषयगत समितिका सुझावहरु, दिगो विकासका लक्ष्य, टोल तथा वडा भेलाबाट प्राप्त सुझावहरु, विषय विज्ञका रायसुझाव तथा राजनीतिक दलहरु, संघसंस्था र थाक्रे गाउँपालिकाका सम्पूर्ण दिदी बहिनी तथा दाजु भाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई आ.व. २०७८/७९ को बजेट तर्जुमाको मुख्य आधारको रुपमा लिएको छु ।

संघीय राजधानी काठमाडौंको नजिकको गाउँपालिकाको रुपमा यस गाउँपालिका रहेकोछ । हामीसंग रहेका दुई वटा राष्ट्रिय राजमार्ग त्रिभुवन राजपथ र पृथ्वी राजमार्गले हाम्रो विकास र समृद्धिमा महत्वपूर्ण योगदान गरेका छन् । यतिवेला निर्माणाधिन अवस्थामा रहेको नागढुंगा नौविसे सुरुङमार्गले यस

गाउँपालिकाको आर्थिक समृद्धिमा नयाँ आयाम थपीएको छ । काठमाण्डौको तरकारी एवं खनिजजन्य वजारको एक महत्वपूर्ण हिस्साको रुपमा रहेको यस गाउँपालिकालाई विविध उत्पादन क्षेत्र एवं दक्ष जनशक्तिको विकास र विस्तार गर्दै आधुनिकीकरण र व्यवसायिकरण गर्न अझै ठोस योजनाका साथ अघि बढ्नु पर्नेछ । अधिकांस भु-भाग पहाडी भुगोल र विविधतामा आधारित ग्रामिण जीवन शैली रहेका कारण हामिले सम्बोधन गर्नुपर्ने आर्थिक, सामाजिक, साँस्कृतिक विषयहरु अझै धेरै रहेका छन् । यद्यपि स्थानीय सरकारको उपस्थिति पश्चात नागरिकको अपेक्षा र विश्वास बढेको छ । हामिले नागरिकको घर दैलोसम्म पुगेर नागरिकको सुरक्षा, विकास र अधिकारको सुनिश्चितताका लागि निरन्तर कार्य गरिरहेका छौ । हामीले छनौट गरेका योजना तथा कार्यक्रमले आम नागरिक, सरोकारवाला एवं लक्षित समुदायहरुको अपेक्षालाई संबोधन गर्ने विश्वास लिएको छु । प्राकृतिक श्रोत साधन, उद्योग, खनिज, पर्यटन, पुर्वाधार, कृषि र व्यापारको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको श्रोत र साधनको सुव्यवस्थित सदुपयोगले थाक्रे वासीको जीवनमा सकारात्मक परिवर्तन र सम्वृद्धी ल्याउने तथा गाउँपालिकाको सेवामा विशिष्टता ल्याउने गरी नीति, बजेट तथा कार्यक्रम तय गर्न यो गाउँ सभा सफल रहने विश्वास लिएको छु ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

कोभिड-१९ को महामारीको कारणले देशले ठुलो मानवीय तथा आर्थिक क्षती वेहोर्नु परेको छ । वर्तमान अवस्थामा कोभिडको लामो लकडाउनले उद्योगधन्दा कलकारखाना यातायात ठप्प हुनु, नागरिकहरुको रोजगार गुम्नु, पर्यटन व्यवसाय, कृषका कृषिजन्य उपजहरुको वजार नहुनु, होटल व्यवसाय संचालनमा नआउनु, वैदेशिक रोजगारी समेत गुम्नु, रेमिटेन्समा कमि आउनु, पारिवारिक रुपमा आर्थिक अभाव, वेमेल तथा विभिन्न खालका हिंसाले पारिवारिक तथा सामाजिक एकता र सद्भावमा कमी आउनु, कोभिड १९ को नियन्त्रण तथा व्यवस्थापनमा लागि बजेटको ठुलो हिस्सा खर्च हुनु आदी जस्ता कारणले आर्थिक, सामाजिक विकास तथा सम्वृद्धिको दिशामा अघि बढिरहेको हाम्रो अर्थतन्त्रमा  गतिरोध सिर्जना भएको परिपेक्ष्यमा पनि जनप्रतिनिधिहरु, कर्मचारीहरु एवं आम सरोकारवालाहरुको सामुहिक प्रयासले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन प्रवर्द्धन र क्षमता विकास तर्फ यस गाउँपालिकामा महत्वपूर्ण कार्यहरु भएका छन् । संघिय व्यवस्थाको पहिलो कार्यकालको ४ वर्षे अवधिमा प्राप्त भएका नतिजाहरु उत्साहप्रद्ध देखिएका छन् ।

कोभिडका कारणले राजमार्ग क्षेत्रका होटलहरु बन्द रहेकोले पर्यटक व्यवसायीहरुको आय आर्जन घटेको तथा यस क्षेत्रको रोजगारी गुमेको छ । यस विषम परिस्थितीमा पनि हामीले लक्ष्य अनुसारको राजश्व संकलन गर्न सफल भएका छौं । राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङको व्यवस्थापन गर्न र व्यवसायको दर्ता, अभिलेखीकरण र वर्गीकरण गरि व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणालीमा आवद्ध गरि व्यवसायको वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

अन्तरजिल्ला एवं स्थानिय तहहरुसंग जोडीयका गाउँपालिका भित्रका मुख्य सडकहरु तथा पालिका भित्रका ११ वटै वडाहरुमा रहेको वडा स्तरिय गौरवका सडकहरुमा यातायात सेवा बर्षै भरि संचालन गरी आम नागरिकहरुलाई आवत जावत गर्न सहज बनाउने लक्ष्यका साथ  गाउँपालिकाको स्थापना कालदेखि नै संचालन गरिएको सडक स्तरउन्नतीको कार्य अन्तर्गत चालु आ.व. का लागि विनियोजन भई संचालनमा

रहेका योजनाबाट हाल सम्म भौतिक प्रगति तर्फस्तरोन्नति तर्फ कालोपत्रे/ढलान ०.९ कि.मि र ४५.२६ कि.मि. ग्राभेलिङको कार्य सम्पन्न भइसकेको छ । त्यस्तै नयाँ ट्र्याक निर्माण तर्फ २८ कि.मि. कार्य सम्पन्न भइसकेको छ। गाउँपालिकाको केन्द्रसँग जोडिने मुख्य सडकहरुमा वर्षाको पानी र सडक किनारको नाला व्यस्थापन गर्न यस अवधिमा १० कि.मी. पक्की नाला निर्माणको कार्य सम्पन्न भईसकेको छ। साथै वडाका सडकमा करिब ५ कि.मी.पक्की नाला यसै आर्थिक वर्षको अन्त्य सम्ममा सम्पन्न गर्ने गरि निर्माण कार्य अघि बढिरहेको छ । यस गाँउपालिकाको सडक क्षेत्र भित्र यातायात संचालनमा समस्याको रुपमा रहेको खोल्सा र खोला व्यवस्थापन गर्न साना ठूला गरि ६० वटा ह्यूम पाइप सहितको पाइप कल्भर्ट निर्माण कार्य सम्पन्न भईसकेको र यस आ.व. भित्रमा सम्पन्न हुने गरी ३ वटा कल्भर्ट (पुल) निर्माण कार्य भइरहेको छ ।

गाउँपालिका क्षेत्रभित्र कृषि क्षेत्रमा सिंचाईको व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न वडामा संचालित सिंचाई कार्यक्रम अन्तर्गत चालु आ.व.को यस अवधिमा ४ कि.मी. पक्की सिंचाई कुलो निर्माण कार्य सम्पन्न गरिएको छ । स्वच्छ खानेपानीको पहुँच गाउँपालिकाको सबै घरपरिवारमा पुर्‍याइसकिएको छ। स्वच्छ खानेपानी अन्तर्गत १ लाख लिटर क्षमताको ३ ठूला आर.सि.सि.ट्याङ्की निर्माण गरी गाउँपालिकाको गौरवको आयोजना केवलपुर डिप बोरिङ खानेपानी योजनालाई व्यवस्थित गरिएको छ । त्यसै गरी पोखरीचौर लिफ्ट खानेपानी अन्तर्गत १ लाख लिटरको आर.सि.सि.ट्याङ्की निर्माण यसै आ.व.भित्र सम्पन्न गरी खानेपानीको समस्या समाधान गर्ने गरि कार्य अघि बढिरहेको छ ।

यस अवधीमा ४३१ कुल योजना मध्ये भुक्तानी भएका र भुक्तानी प्रकृयामा रहेका करीब ८० प्रतिशत योजनाहरु सम्पन्न भइसकेको छन्। महिला तथा लक्षित समुदायबाट संचालित योजनाहरुमा पालिकाको तर्फवाट विशेष सहजीकरण र सहयोगको व्यवस्था मिलाईएको छ । जसवाट लक्षित समुहलाई थप योजनाहरमा नेतृत्व प्रदान गर्न उत्प्रेरित गर्न सहयोग पुगेकोछ। हाल योजना तथा कार्यक्रमहरु संचालनको क्रममा रहिरहेकोले सम्पूर्ण नतिजा चालु आ.व.को अन्त्यमा यथार्थ विवरण प्राप्त हुनेछ ।

हालसम्म गाउँपालिका क्षेत्रभित्र ४२ वटा सामुदायिक भवन सम्पन्न भएको छ । साविकको गा.वि.स. कार्यालयको रुपमा वटा नं. २,४,७ र १० वाट स्थापना काल देखि नै सेवा सुचारु गरिएको भतापनि बाँकी वडाहरुमा नयाँ वडा कार्यालय निर्माण नहुँदा सम्म भाडामा संचालन गर्दै आईरहेकोमा हाल वडा नं. ९को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरि आफ्नै वडा कार्यालय भवन मार्फत सेवा सुचारु गरिएको छ। त्यसैगरी वार्ड नं.१, ३ र ८ को वडा कार्यालय भवन तथा गाउँपालिकाको प्रशासनिक भवन निर्माणधिन अवस्थामा रहेको छ ।

हिंसाबाट प्रभावित महिला तथा सडक वालवालिकाहरुको पुनर्स्थापना गरी आधारभूत मानवअधिकारको सुनिश्चिता सहित स्वास्थ्यसेवा तथा न्यायिक सेवा प्रदान गर्न गाउँपालिका मार्फत संचालित सुरक्षित आवास गृह (सेफ हाउस) को आफ्नै भवन निर्माण कार्य अन्तिम अवस्थामा रहेको छ । यस गृहबाट संचालित सेवाको प्रभावकारीताको आधारमा छिमेकी गाउँपालिका , नगरपालिका एवं पृथ्वी राजमार्गमा वेवारिसे अवस्थामा रहेका महिला तथा वालवालिकाहरु समेतको उद्धार गरी पुनस्थापन गर्न ईलाका प्रहरी कार्यालयलाई समेत सहज भएको छ । । हिंसा प्रभावित महिला तथा असाहाय बालबालिकाका लागि संचालन गरिएको सुरक्षित आवास गृहमा हालसम्म ५६ जना प्रभावितले ५१७ दिन रात्री सेवा प्राप्त गरेका छन । सुरक्षित आवास गृहमा रहेका प्रभवावितहरुलाई कानुनी परामर्शका आवश्यकता परेमा निशुल्क कानुनी परामर्श को सेवा प्रदान गरिएको छ ।

गाउँपालिकाको वडा न. ६ को पर्यटकीय स्थलको रुपमा विकास भइरहेको रानी झरना क्षेत्रमा रिसर्च सेन्टर भवन ठेक्का सम्झौता भई निर्माण कार्य अघि बढाइसकिएको जानकारी यस सम्मानित सभामा गराउन चाहान्छु । गाउँपालिका क्षेत्र भित्र रहेका मन्दिर, गुम्बा आदीको पुननिर्माण गरी सांस्कृतिक सम्पदाको संरक्षण गरिएको छ ।

गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको सरस्वती पार्क निर्माण एवं भाषा संग्राहलय निर्माण कार्य अन्तर्गत संरचनाको (structure) कार्य यसै आर्थिक वर्षबाट अगाडी बढाइएको छ ।

स्थानीय सरकार गठन भए यस थाक्रे गाउँपालिकाको विद्यालयको अवस्था र शैक्षिक गुणस्तरमा सुधार भई शिक्षा क्षेत्रमा आमुल परिवर्तन भएको छ । शिक्षाको पहुँच अभिवृद्धि गरि सबै नागरिकका लागि सर्वसुलभ शिक्षा उपलब्ध गराउन, यस गाउँपालिकामा संचालनमा रहेको ४ वटा उच्च माध्यमिक तहका विद्यालयमा वृद्धि गरि  हाल ६ वटा संचालनमा रहेको छ । त्यसै गरि ५ वटा विद्यालयमा नि.मा.वि. (आधारभूत) तह संचालनमा रहेकोमा थप २ वटालाई संचालन अनुमति प्रदान गरिएको छ ।  लक्षित समुदायको रुपमा रहेको राई समुदाय र आग्रा खोलामा काम गर्ने मजदुरहरुका वालवालिका लागि लक्षित गरी श्री सिलादेवी आ.वि.लाई कक्षा १ संचालनको अनुमति दिए पश्चात यस थाक्रे गाउँपालिकामा सामुदायिक विद्यालयको संख्या ४५ पुऱ्याइएको छ ।

यस गाउँपालिकाले तहगत र विषयगत रुपमा दरवन्दी मिलान गरी प्रार्थमिक तहमा २९, आभारभूत तहमा ३२ र माध्यमिक तहका ३४ जना गरी जम्मा ९५ जना शिक्षकको व्यवस्थापन गाउँपालिकाबाट हुदै आएको छ । दरवन्दी मिलान पश्चात थाक्रे गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी अभिवृद्धि भएको छ । यस दरवन्दी मिलान कार्यलाई यस वर्ष पनि निरन्तरता दिइने छ । यस गाउँपालिकामा अनिवार्य र निशुल्क शिक्षा घोषण गरिसकिएको छ सो पश्चात विद्यालय संचालनको सम्पूर्ण खर्च व्यवस्थापन गाउँपालिकाले नै गर्ने गरेको जानकारी यस सम्मानित सभामा गराउन चाहान्छु ।

कोभिड १९ को महामारीको कारणले विद्यालयहरु बन्द भई पठनपाठन नियमित नभएको अवस्थामा समेत गाउँपालिकाले रेडियो पाठशाला कार्यक्रम संचालन गरी विद्यार्थीलाई पठनपाठनमा आवद्ध  गरे संगै राष्टिय स्तरमा समेत यसले मान्यता पाएकोमा गर्वअनुभूत गरेका छौं ।

विद्यालयमा दिवा खाजा कार्यक्रम संचालन गरिएको छ विद्यालयमा दिवा खाजा व्यवस्थापन भए पश्यात विद्यार्थी भर्ना दरमा उल्लेख्य अभिवृद्धि हुनुको साथै विद्यालय छोड्न दरमा कमि आएको छ । विद्यालयमा छात्रा विद्यार्थीको लागि सेनेटरी प्याड वितरण कार्यक्रम संचालन गरिएको छ, माध्यमिक विद्यालयमा स्काउट कार्यक्रम संचालनमा रहेको छ । थाक्रे गाउँपालिका भित्र रहेका एक मात्र उच्च शैक्षिक संस्था श्री महाकाली बहुमुखी क्याम्पस, सिम्ले को व्यवस्थापकीय पक्षको सुधार साथै क्याम्पसको शैक्षिक गुणस्तर, भौतिक, वातावरणीय पक्षमा उल्लेखनिय सुधार भएको छ । यस क्याम्पसमा निशुल्क भर्ना र बुहारी शिक्षा कार्यक्रम संचालन गरी शिक्षाबाट बञ्चित बुहारी र अन्य गरिव तथा जेहेन्दार विदार्थीहरुले उच्च शैक्षिक अवरसर प्रदान गर्दै शैक्षिक प्रमाण पत्रको साथै व्यवसायिक सिप प्रदान गरि एक विद्यार्थी एक उद्यम कार्यक्रम संचालन अभियान संचालन गरिएको जानकारी यस सम्मानित सभामा गराउन चाहान्छु ।

यस गाउँपालिकाका जनताको लागि स्वास्थ्य सेवा प्रदान गर्न हाल ११ वटै वडाहरुमा स्वास्थ्य चौकी तथा स्वास्थ्य सेवा केन्द्रहरुको मार्फत स्वास्थ्य सेवाहरु उपलब्ध भइरहेको छ । हाल स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसारका कर्मचारीहरु पर्याप्त रहेका छन् भने भुमेस्थान, तर्सपु र केवलपु स्वास्थ्य चौकीका लागि

मन्त्रालयको मापदण्ड बमोजिमको भौतिक संरचना भवन बन्दै गरेको अवस्था रहेका छ। यस गाउँपालिका भित्र पाँच वटै बर्थिङ सेन्टरमा सुत्केरी गराउने र ३५ दिनभित्र बच्चाको जन्मदर्ता गराए वापत गाउँपालिकाले प्रति सुत्केरी रु १५०० पोषण खर्च उपलब्ध गराएको छ। गर्भवती सुत्केरी महिलालाई घर देखि स्वस्थ्य संस्था र स्वास्थ्य संस्था देखि घरसम्मका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्दे आएको छ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको दोश्रो लहर का कारण थाक्रे गाउँपालिकामा रहेको सबै स्वास्थ्य चौकीहरु २४ घण्टा संचालन गरि सेवा दिइरहेका छन्। स्वास्थ्य बिमा मार्फत स्वास्थ्य सेवाको सुलभ पहुँच सुनिश्चित गरि जनतालाई सर्वसुलभ तरिकाले स्वास्थ्य सेवा उपलब्ध गराइएको छ। महादेववेशी स्वास्थ्य चौकीबाट आधारभूत आकस्मिक स्वास्थ्य सेवा मेडिकल अधिकृत मार्फत सेवा उपलब्ध भईरहेको छ। स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal health coverage) को अवधारण अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवालाई एकीकृत रुपमा विकास र विस्तार गरिएको छ।

कोरोना, सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायू परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायतक विपद व्यवस्थापन पुर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गरी RRT Team परिचालन गरिएको छ। नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिएको र मानसिक रोगीलाई निशुल्क औषधी पालिकाबाट उपलब्ध गराइएको छ।

महिलाको पाठेघर(आङ्ग) खस्ने समस्या सम्बन्धि लक्षित समूहमा जनचेतनामुखी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। स्वास्थ्य चौकीमा प्रोटोकल अनुसार ४ पटक गर्भजाँच तथा प्रसुती गराए वापत रु १०००।- बराबरको सुत्केरी प्याकेट वितरण कार्यक्रम संचालन गरिएको छ। सुत्केरी महिलाले पाउने सुत्केरी पश्चातको यातायात खर्च रकम रु २००० र चारपटक चेकजाँच गरेपछि रकम रु ८०० प्रत्येक स्वस्थ्य चौकीबाट उपलब्ध गराइने गरिएको साथै न्यानो झोला पनि उपलब्ध गराउने गरिएको छ।
कोभिडबाट संक्रमित बिरामीको उपचारमा अक्सिजनको कमि हुन नदिन क्वारेन्टाइन सेन्टरमा अक्सिजन सिलिण्डरको व्यवस्थापन गरिनुको साथै कोभिड प्रभावितलाई घर घरमामा निशुल्क अक्सिजन ग्याँस पुर्‍याउने व्यवस्था मिलाइएको छ।

कृषि क्षेत्रको विकास, पशुपालन व्यवसाय प्रवर्द्धनको माध्यमबाट थाक्रेवासी कृषकहरुको आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएकोमा कृषि तथा पशुपालनमा व्यसायिकता अभिवृद्धि भएको छ। कृषि विकास शाखाबाट कृषकहरुलाई ५० प्रतिशत अनुदानमा विभिन्न जातका तरकारीको उन्नत विउ विजन वितरण र बालीमा लाग्ने रोग किरा नियन्त्रणको लागि ५० प्रतिशत अनुदानमा विषादि वितरण गरिएको छ। व्यवसायिक खेति प्रोत्साहन कार्यक्रम र कृषिमा यान्त्रिकरण गर्नका निम्ती कृषकहरुलाई हाते ट्याक्टर वितरण कार्यक्रम संचालन गरिएको छ। कृषि सम्बन्धि ज्ञान र सीप अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गर्नुका साथै कृषि सम्बन्धि जानकारीमुलक सन्देश रेडियो कृषि कार्यक्रम मार्फत प्रसारण गरिएको छ। निर्वाहमुखी कृषिलाई व्यवसायिक कृषितर्फ उन्मुख गर्ने लक्ष्य सहित वडा स्तरिय ब्लक तथा पकेट कार्यक्रम अर्न्तगत वडा नं. ६ र ११ मा तरकारी ब्लक कार्यक्रम र वडा नं. ८ र ९ मा तरकारी पकेट कार्यक्रम सञ्चालनमा रहेको छ।

कृषि विकासको विस्तार गरि कृषकहरुको घर दैलोमा गुणस्तरीय सेवा पुऱ्याउनका लागि यसै आ.व.देखि कृषि बिषयमा कम्तिमा जे.टि.ए. उतिर्ण गरेका थप १ कृषि प्राविधिकलाई नियुक्ति गरी सेवा पुऱ्याइने छ । यस आ.व. मा कृषक दर्ता तथा सूचिकरण गरि राष्ट्रिय किसान परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईने छ । साथै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटो परिक्षण प्रयोगशालाको स्थापना गरि संचालनमा ल्याइने छ ।

पशु स्वास्थ क्षेत्रमा सेवा पुऱ्याउनका लागि वडा पशु सेवा केन्द्रको स्थापना गरि संचालन गरिएको छ । पशु सेवा शाखा र वडा पशु सेवा केन्द्रबाट पशुपंक्षीहरू निः शुल्क उपचार सेवा प्रदान गर्नुका साथै आवश्यक औषधिहरु  निःशुल्क वितरण गरिएको छ । व्यवसायिक पशुपालन तर्फ उन्मुख गराउन पकेट क्षेत्र निर्धारण गरी उन्नत जातका गाई र उन्नत जातका ब्याड बोका वितरण गरिएको छ । घाँसमा आधारित पशुपालन गर्नका लागि निःशुल्क घाँसका बिउ/बिरुवा वितरण कार्यक्रम सञ्चालन गरिएको छ । पशु सेवा क्षेत्रलाई विस्तार गरि कृषकहरुको घर दैलोमा गुणस्तरीय सेवा पुऱ्याउनका लागि यसै आ.व.देखि पशुपालन बिषयमा कम्तिमा जे.टि.ए. उतिर्ण गरेका २ जना पशु प्राविधिकहरु नियुक्ति गरी सेवा पुऱ्याइने छ । साथै पशु रोग निदान गरी उपचार गर्नका लागि भेटेरीनरी प्रयोगशालाको स्थापना गरि संचालनमा ल्याइने जानकारी यस सम्मानित सभामा गराउन चाहान्छु ।

सामाजिक विकासका कतिपय कार्यक्रमहरु कोभिड १९ का कारणले संचालन गर्न सकिएन । तालिम, गोष्ठि, प्रशिक्षण, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरु संचालन गर्न नसकिएता पनि सामाजिक समानता, सामाजिक न्याय, सामाजिक सशक्तिकरण र समावेशीकरणका सवालमा गाउँपालिका अग्रणी स्थानमा रहेको छ । र हामीले पूर्वाधार विकासको क्षेत्रमा उल्लेख्य प्रगती हासिल गरेको यस सम्मानित सभालाई जानकारी गराउन चाहान्छु ।

हालसम्म पुर्ण अशक्त अपाङ्ग (क) वर्ग तर्फ १४ जना, अति अशक्त अपाङ्ग (ख) वर्ग तर्फ ५२, मध्यम अपाङ्गता (ग) वर्ग तर्फ ४२ जना, सामान्य अपाङ्गता (घ) वर्ग तर्फ १२ जना गरी कूल १२० जना व्यक्तिलाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ भने हाल सम्म जम्मा ९९१ जना जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना सहयोग कार्यक्रम संचालन भइरहको छ । त्यसै गरि प्रदेश सरकार मार्फत आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम मार्फत १९ जना बालबालिकालाई उनीहरुकै नाममा उनीहरुलाई संरक्षण गरिरहेका अभिभावक संरक्षक बसी बैंक खाता खोल्न लागाई प्रति व्यक्ति ३ हजार ७ सय उनान्नब्बे रुपैया प्रदान गरिएको छ ।

थाक्रे गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता सहायता सामाग्री प्रदान गर्न अपाङ्गता भएका व्यक्तिहरुको निवेदन संकलन गरी यसै आ.व. भित्रमा अपाङ्गता सहायता सामाग्री वितरण गर्ने तयारी गरिएको छ ।

लैगिंक समानता र सामाजिक न्याय सहितको समृद्ध थाक्रे निर्माणका लागि गाउँपालिकाद्धारा संचालित महिला सशक्तिकरण तथा संस्थागत विकास परियोजना (game changer Project) अन्तर्गत महिलाको आर्थिक, सामाजिक र नेतृत्व विकासमा उल्लेखनिय प्रगती भएको छ । मानवसंसाधनको विकास अन्तर्गत हाल सम्म २० जना मनोसामाजीक मनोविमर्शकर्ताहरुको उत्पादन गरि समुदायमा परिचालन गर्न आवश्यक व्यवस्था मिलाईएको छ । यस परियोजना अन्तर्गत हालसम्म २२३ वटा महिला आत्मनिर्भर समूहहरु गठन भई ४,९४९ परिवारका सदस्यहरु समूहमा आवद्ध भईसकेका छन् । **आफ्नो लागि २९**

**दिन : समुदायको लागि एक दिन** भन्ने नारालाई सार्थक बनाउँदै महिला आत्मनिर्भर समूहको माध्यमबाट समुदायमा सामाजिक परिचालन, बचत तथा ऋण परिचालन, बाटो, खानेपानी, सींचाई, मठ मन्दिर स्कुल चौतारा लगायत सार्वजनिक स्थानमा सरसफाईका कार्यहरु स्वतस्फुर्त रुपमा संचालन भईरहेका छन् । यसका साथै दिगो विकास लक्ष्यको स्थानियकरण, घरेलु हिंसा न्युनीकरणमा सहजीकरण, मेलमिलापको माध्यमबाट समुदायका ससाना विवाद व्यवस्थापन, सामाजिक कुरुतीहरु र समाजका हानिकार अभ्यासहरु जस्तै बालविवाह, बहुविवाह विरुद्धका अभियान लगायतका सामुदायिक कार्यहरु मार्फत आफ्नो गाउँ आफै बनाउँ भन्ने अभियानलाई निरन्तरता दिन योगदान गरिएको छ । गाउँपालिका मार्फत संचालन हुने कैयौ योजनाहरुमा महिलाहरुको नेतृत्व स्थापित हुदै गएको छ । गाउँपालिकाको तर्फबाट समुहका अगुवा महिलाहरुको नेतृत्व विकास गर्न प्रत्येक वडाबाट ३ जनाका दरले ३३ जनालाई समुह व्यवस्थापन तथा प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरी समुहमा प्रशिक्षकको रुपमा परिचालन गरिएको छ । समुदायमा आधारित लेखा व्यवस्थापन तालिम, समूह व्यवस्थापन तालिम संचालन गरि अभिलेख व्यवस्थापन सम्बन्धि रजिस्टर एवं पासवुक हस्तान्तरण संगै समुदायको लेखा व्यवस्थापन प्रणाली व्यवस्थीत र पारदर्शी हुदै गएको छ । हाल सम्म समूहको बचत रकम १,६८,३१,७००। भएको छ भने चालु वर्षमा रु. ८९ लाख ६० हजार ७०० रकम वचत भएको छ । समुहको सामुदायिक कोष निर्माण गरी सामुदायिक विकासमा योगदान गर्न होडवाजी नै चल्नथालेको छ । यसबाट समुहमा सामुदायिक पुजींको विकास संगै सामाजिक एकता र ऐक्यवद्धतामा बल पुगेको छ । गाउँपालिका भित्रका प्रत्येक वडाका समूहहरुमध्ये उत्कृष्ट समूह छनौट गरी प्रोत्साहन वापत घुम्तीकोषको रुपमा रु. १० हजार का दरले ४५ वटा समुहमा उपलब्ध गराएसंगै बाँकी समूहमा प्रतिस्पर्धी क्षमता अभिवृद्धि भएको छ । समुह सदस्यहरुले सामाजिक एवं सामुदायिक कार्य गरे वापत प्रोत्साहन गर्न प्रत्येक समूहका सदस्यहरुलाई बचतका आधारमा २० प्रतिशत रकम बैंक मार्फत प्रदान गरिएको छ । गाउँपालिका मार्फत हुने विकास निर्माण एवं लक्षित समुदायको विकासका सबै कार्यमा एकद्धार नीति कायम गर्दै समानुपातिक विकास र यसको लाभको सुनिश्चितता गर्न यस परियोजना एक कोशेढुंगा सावित हुदै नेपाली ग्रामिण महिलाहरुको सशक्तिकरण र सामाजिक रुपान्तरणमा **देशकै एक नमुना परियोजना** बन्न सफल भएको छ ।

न्याय सम्पादनको काम कारवाहीलाई स्पष्टता, एकरुपता, एवं पारदर्शीता कायम गरी विधिको शासन तथा न्याय सम्पादन प्रति गाउँवासीमा अपनत्व तथा सहज पहुँच अभिवृद्धि गर्न न्यायिक समितिको काम कारबाहीलाई अझ प्रभावकारी बनाइने छ । गत बर्ष ४८ प्रतिशत विवादहरु मेलमिलापको माध्यमबाट समाधान भएका छन् । यस बर्ष ३० वटा जाहेरी पर्न आएकोमा अधिकांश विवाद मेलमिलापबाट समाधान गर्न प्रयास गरिएको छ । यसक्रममा आदेश भएका ३ वटा, निर्णय भएका ३ वटा र बाँकी केहि विवादहरु मेलमिलापको प्रकृयामा रहेकोमा सो को छिनोफानो यही आ.व.को अन्त्य सम्म गर्ने लक्ष्य लिईएको छ । यसबाट बर्षौ देखि सहदै आएका घरेलु हिंसाहरु मेलमिलापबाट विवाद समाधान गरि अहिले परिवार बीच सम्बन्ध सुमधुर रहेको छ। लैंगिकतामा आधारित हिंसा, जेष्ठ नागरिककहरुको पालनपोषण, वालवालिकाको संरक्षण लगायत लामो समयसम्म विवादित भएका साँधसिमानाका विवादहरु वा अंशसंग सम्बन्धि विवादहरु नै गाउँपालिकामा आउने अधिकांश विवादहरु हुन् । न्यायिक समितिको प्रयासमा सम्बन्ध विच्छेद सम्मको अवस्थामा पुगेको विवादलाई समेत मेलमिलापबाट पून सम्बन्ध स्थापित भएको छ । मेलमिलापको माध्यमबाट विवादहरु समाधान गर्न अझै सहज र सरल होस् भन्ने अभिप्रायले यसै बर्ष गाउँपालिकाले एक वडामा ३ जना हुने गरी ३५ जना व्यक्तिहरुलाई (४८ घण्टे) मेलमिलापको सम्बन्धी आधारभूत तालिम प्रदान गरी परिचालन गरी सेवा प्रदान गर्दे आएकोछ । मेलमिलापकर्ताहर मार्फत विवाद व्यवस्थापन

कार्यलाई थप व्यवस्थित बनाउन प्रत्येक वडामा सुविधा सम्पन्न मेलमिलाप केन्द्र स्थापना कार्यलाई व्यवस्थित बनाउन आवश्यक व्यवस्थापन मिलाईएको छ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अब म गाउँपालिकाको आन्तरिक आयको स्थितिको संक्षिप्त जानकारी यस सम्मानित गाउँसभामा गराउँन चाहन्छु । २०७८ आषाढ पहिलो हप्तासम्म गाउँपालिकाले निकासी तथा विक्री तर्फ रु ३ करोड ४२ लाख ८४ हजार १४३, फलफुल तथा तरकारी तर्फ रु ४ लाख ७४ हजार ९७५, सडक मर्मत वापत प्राप्त रु ७५ हजार, कच्ची सडकबाट प्राप्त रु १करोड १७ लाख ८ हजार १२५, व्यवसाय कर रु २१ लाख ९५ हजार ६१०, घरवहाल कर रु ४लाख २५ हजार ७५५/११, एम्बुलेन्स बाट प्राप्त रु २ लाख ४२ हजार ५००, अन्य सेवा वापत रु १० लाख ८१ हजार ८९९/०२, सिफारिस वापत प्राप्त रु. २८ लाख ६७ हजार ४०/८८ र मालपोल रजिष्ट्रेशन शुल्क वापत रु २५ लाख ८५ हजार ५३०/३८ गरी कुल रु ५ करोड ५९ लाख ४० हजार ५ सय ५७ र ५८ पैसा आम्दानी भएको छ । साथै ढुङ्गा, गिट्टी, वालुवा ठेक्का वापत रु ७ करोड १८ लाख प्राप्त भएको छ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अव म २०७८/०७९ वजेटका उद्देश्य तथा प्राथमिकता क्षेत्र प्रस्तुत गर्न अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

(क) कोभिड १९ को महामारीबाट नागरिकको जीवन रक्षा गर्ने,

(ख) अर्थतन्त्रको शिघ्र पुनरुत्थान गर्न आर्थिक गतिविधि एवं विकास निर्माणका कार्यक्रमलाई तिब्रता दिने,

(ग) राज्यको लोककल्याणकारी राज्यको भूमिकालाई सुदृढ बनाउने, सामाजिक सुरक्षा एवं संरक्षण प्रदान गर्ने र सामाजिक न्याय सहिताको समृद्धि हासिल गर्ने,

(घ) सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्थानशील अर्थतन्त्र निर्माण गर्ने ।

(ङ) स्थानीय स्तरमा उपलब्ध श्रोत, साधन, अवसर र क्षमता विकासको उच्चतम उपयोग गरी समृद्ध थाक्रे र सुखी थाक्रेवासीको लक्ष्य हासिल गर्ने ।

(च) आर्थिक, भौतिक पूर्वाधार एवं शहरी विकास, कृषि, उद्योग, पर्यटन र वातावरणीय पूर्वाधारको विकास गरी समुन्नत, सुदृढ तथा आत्मनिर्भर गाउँपालिका निर्माण गरी मुलुकको विकासमा टेवा पुऱ्याउने ।

**आ.ब.२०७८/०७९ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्न अनुसार प्रस्तुत गरिएको छ :**

(क) कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापन,

(ख) कोभिड १९ को प्रभावबाट शिथिल भएको अर्थतन्त्रको पुर्नरउत्थान,

(ग) कृषिको आधुनिकीकरण, व्यवसायिकरण, र बजारीकरण

(घ) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि मार्फत खाद्य सुरक्षाको प्रत्याभूति,

(ङ) शीघ्र प्रतिफल प्राप्त हुने रणनीतिक महत्वका पूर्वाधार निर्माण (सड्क सुधार),

(च) सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलको न्यायपूर्ण वितरण

(छ) जीवनपयोगी एवम् सीपयुक्त शिक्षामा लगानी,

(ज) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार,

(झ) सूचना प्रविधि तथा संञ्चारमा विकास,

(ञ) जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा अभिवृद्धी

(ट) विपद् व्यवस्थापन

(ठ) दिगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन

(ड) भष्ट्राचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता

(ढ) लैगिक समानता र सामाजिक समावेशीकरण

(ण) पर्यटन पुर्वाधार तथा संस्कृति प्रवर्द्धन

(त) मानसिक स्वास्थ्य, योग, प्राकृतिक चिकित्सामा जोड ।

बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकार एवं विकास साझेदार संस्थाहरुसंग समन्वय र साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्रार्थमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्ने प्रयास गरिएको छ । उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँग समेत सहकार्य गरिनेछ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अव म गाउँपालिकाले आ.व.२०७८/७९ को कूल आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण यस सम्मनित सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

म आ.व.२०७८/७९ को अनुमानित आयको विवरण प्रस्तुत गर्दछु ।

क) केन्द्रीय सरकार (सघं) वाट वित्तीय समानिकरण अनुदान रु. १६ करोड ९१ लाख

ख) प्रदेश सरकार तर्फवाट  वित्तीय समानिकरण अनुदान रु. १ करोड ४९ लाख ५३ हजार

ग) केन्द्रीय सरकार (सघं) वाट शशर्त अनुदान रु. २० करोड ३ लाख

घ) प्रदेश सरकार वाट शशर्त अनुदान रु. १ करोड ७१ लाख १५ हजार

ङ) आन्तरिक राजश्व र गत वर्षको मौन्दात (अनुमानित) रु. १६ करोड ३५ लाख ३२ हजार २ सय ५३

च) राजश्व बाँडफाँडबाट रु. ८ करोड ८ लाख ८५ हजार

छ) प्रदेश सरकारबाट राजश्व बाँडफाँडबाट रु. १ करोड ८६ लाख १३ हजार ७ सय ४७

ज) अन्य आय (जिल्ला समन्वय समपुरक) रु. २ करोड

जम्मा बजेट ८० करोड ६ लाख ६३ हजार व्ययको विवरण पेश गरेको छु । जसमध्ये आर्थिक विकास तर्फ रु. ७ करोड ३८ लाख ६७ हजार, सामाजिक विकास तर्फ रु.३६ करोड ५ लाख ३२ हजार, पुर्वाधार विकास तर्फ रु २६ करोड ८३ लाख १४ हजार, कार्यालय तथा प्रशासनिक खर्च तर्फ रु ९ करोड १५ लाख ५० हजार र सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र तर्फ रु ६३ लाख विनियोजन गरेको छु ।

अब म क्षेत्रगत विनियोजनका मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्न चाहान्छु ।

१. गाउँपालिकाको कृषि तथा सहरकारी, पर्यटन, पशु र उद्योग क्षेत्रको विकास मार्फत आत्मनिर्भर गाउँपालिका निर्माण गरी राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान दिन कृषि विकास तर्फ रु २ करोड ४१ लाख ६७ हजार, तथा पशु विकास कार्यक्रम तर्फ रु. ७१ लाख, र पर्यटन, संस्कृति र सहकारी क्षेत्रमा रु.२ करोड ५४ लाख बजेट विनियोजन गरेको छु ।

२.कृषि पुर्वाधार निर्माण सिंचाइको सुदृढिकरण तथा विस्तार कृषिको यान्त्रिकीकरण, कृषकलाइ अनुदान, व्यवसायीक कृषिको प्रवर्द्धनको लागि वजेट विनियोजन गरेको छु ।

३.कृषि तथा पशुपालन सेवा लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँपालिकामा २ जना कृषि तथा २ जना भेटनरी प्राविधिक करार सेवामा लिई सेवा केन्द्र मार्फत कृषि तथा पशुसम्बन्धी सेवा प्रवाह गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४.कृषकको विवरण अवस्था र उनिहरुले पाएका सेवा सुविधा समेतको एकिकृत विवरण तयार गर्न किसान सुचिकरण कार्यक्रम कार्यान्वयनमा ल्याउन आवश्यक वजेट विनियोजन गरेको छु ।

५.गरिबी निवारण लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । साथै कोभिड १९ ले थिलथिलो भएको वाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि व्यवसायीलाई सहुलियत व्याजदर र शुन्य व्याजदरमा ऋण उपलब्ध गराउने कार्यमा सहजीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६. **"हाम्रो विद्यालय राम्रो विद्यालय"** भन्ने नाराका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई शिक्षाको पहुँच विस्तार र गुणस्तरीय शिक्षाको प्रत्याभूति हुने गरी शैक्षिक कार्यक्रम संचालनका लागि बजेट व्यवस्थापन गरेको छु ।

७.हाल लकडाउनको कारणले विद्यालय बन्द रहेको अवस्थामा पनि नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

८.यस गाउँपालिकाको गणेशचौरमा मदन भण्डारी महाविद्यालयको निर्माण गरी कृषि र उद्योगका लागि पठन पाठन गर्ने र अनुसन्धान गर्ने केन्द्रका रुपमा विकास गर्न बजेट विनियोजन गरेको छु ।

९.शिक्षाको जगमा लगानी गरे उच्चतम् प्रतिफल प्राप्त हुने कुरालाई मध्यनजर राख्दै प्रारम्भिक बाल विकासमा अध्यापन गर्ने सहयोगी कार्यकर्तालाई संघिय सरकारले तोकेवमोजिम हुनेगरी साविकको सेवा सुविधामा वृद्धि  गरेको छु । साथै बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने कुरालाई मध्यनजर राख्दै विद्यालयको भौतिक सुदृढीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१०.वार्ड न. ९ मा अवस्थित ज्योती माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला निर्माणको लागि रु ३० लाख बजेट विनियोजन गरेको छु ।

११.शिक्षकको मनोवल उच्च राखी गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि शिक्षक तथा विद्यालय कर्मचारीको तलब बृद्धि गरेको छु ।

१२.किशोर किशोरी अवस्थामा आउने शारिरिक तथा मानसिक परिवर्ततलाई जाकारी गराउने र उक्त अवस्थाका किशोर किशोरीलाई सही बाटोतर्फ मार्गनिर्देश गर्न प्रत्येक माध्यमिक विद्यालयमा किशोर किशोरी शिक्षा संचालन गरिनेछ र उक्त कार्यक्रममा किशोर किशोरीलाई प्रतोत्साहन स्वरुप बार्षिक रु ५०० उपलब्ध गराउने व्यवस्था मिलाएको छु । शिक्षा क्षेत्रमा कूल रु. २४ करोड २७ लाख ७२ हजार बजेट .विनियोजन गरेको छु ।

१३.गाउँपालिकाकै गौरवको रुपमा रहेको सिम्ले महाकाली वहुमुखि क्याम्पस संचालन एवं व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु । विद्यार्थीहरुको शैक्षिक प्रमाण पत्र संगै व्यवसायिक सिप हासिल गर्न सि टी ई भि टी संगको सहकार्यमा उच्च शिक्षामा  अध्ययन गर्ने विद्यार्थीहरुलाई एक विद्यार्थी एक उद्यम कार्यक्रम संचालन गर्न क्याम्पसलाई तालिम केन्द्रको रुपमा थप विकास गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

१४.गुणस्तरीय स्वास्थ्य सेवा मार्फत थाक्रेवासीलाई सुखी र खुसी बनाउन स्वास्थ्य क्षेत्रमा रु. ५ करोड ९३ लाख ६० हजार बजेट विनियोजन गरेको छु ।

१५.विद्यालय तथा क्याम्पसमा नेपाल स्काउटको अभियानलाई व्यवस्थीत बनाउदै स्काउट शिक्षकहरुलाई प्रोत्साहनको कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

१६.कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था गरी सबै थाक्रेवासीहरुको जीवन रक्षा गर्न गाउँपालिका प्रतिवद्ध छ । कोभिड १९ को महामारीबाट उत्पन्न स्वास्थ्य जोखिम न्यूनीकरण गर्न प्रत्येक वार्डमा आइसोलेसन तथा क्वारेन्टाइन स्थापना गर्न र कोभिडबाट संक्रमित बिरामीको उपचारमा अक्सिजनको कमि हुन नदिन क्वारेन्टाइन सेन्टरमा अक्सिजन सिलिण्डरको व्यवस्थापन गर्न साथै कोभिड प्रभावितलाई घरमा निशुल्क अक्सिजन ग्याँस पुऱ्याउने व्यवस्था गर्न आवश्यक बजेटक विनियोजन गरेको छु ।

१७. कोभिड पोजेटिभ देखिएका बिरामीलाई एम्बुलेन्सले बोकेर हस्पिटलसम्म पुर्याउदा एम्बुलेन्स चालकलाई प्रोत्साहन स्वरुप रु ५००।- प्रति व्यक्तिका दरले गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१८.महिला स्वास्थ्य स्वयं.सेविकाको यस आ.व. बाट बार्षिक यातायात खर्चमा शत प्रतिशत वृद्धि गरि वार्षिक रु १२,००० तथा संचार खर्च वार्षिक रकम प्रतिव्यक्ति रु २४००।-का दरले र बर्थिङ सेन्टरलाई

मासिक रकम रु ४००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाएको छु साथै अस्पताल भवन निर्माणको जग्गा खरिदको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१९. गाँउपालिकाको पहिचान दिन र दीगो विकासलाई सुनिश्चित गर्न गाउँपालिकाको नमुना सडक निर्माण, कालो पत्रे तथा स्तररोन्ती, गाउँपालिकाको मुख्य प्रशासकिय भवन, रानि झरना क्यानोनिङ एण्ड रिसर्च सेन्टर, वडा कार्यालय, सुरक्षित आवास गृह भवनलाई गौरवका योजनाहरुको रुपमा राखी द्रुत गतिमा कार्यान्वयनमा ल्याइने छ ।

२०. केन्द्र सरकार र प्रदेश सरकारसँग समपूरक अनुदान माग गर्न समपूरक तथा साझेदारी कोष समेत खडा गरिएको छु । साथै किरियापुत्री भवन निर्माण, वृद्धा आश्रम भवन निर्माण मानव सेवा घर निर्माण लगाएतका सामुदायिक भवन निर्माणका, वहुउपयोगी तालिमहलका महादेववेशीको घाट एवं लिति दोभानमा रहेको घाट व्यवस्थापनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

२१.भुमिचुली , पोखरी चौर, लगायतका महत्वपूर्ण पर्यटकिय स्थलहरुको विकास र संवर्धनकालागि आवश्यक वजेट विनियोजन गरेको छु । वडा नं. ३ मा रहेका झ्यागंदिर गुम्बा प्रदेश स्तरिय गुम्वा बनाउन संघ तथा प्रदेश सरकारसंग समन्वय र सहकार्य गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२२. हाल निर्माणाधीन वडा न.१० को गा.पा. स्तरीय खेलमैदानको बाकी काम यसै वर्ष पुरा गरी उक्त स्थानमा मिनी कवर्ड हल निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. आगामी आ.व. भित्र वार्ड न.९ को सेरापाखामा सरस्वतीको मूर्ति निर्माण र भाषा संग्राहलय निर्माण कार्य सम्पन्न गरिनेछ साथै उक्त स्थानमा पार्क निर्माणको कार्य प्रारम्भ गरिनेछ सो कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२४. गाउँपालिकाको सौन्दर्यता र स्वच्छ वातावरण प्रर्वद्धन गर्ने, विपद तथा महामारीलाई सबैको सहभागिता र सक्रियतामा व्यवस्थापन गर्न गाउँपालिका स्तरीय स्वयम्सेवक बैंक स्थापना गरी संचालन गर्न र वातावरण स्वच्छता कायम गर्न सडक किनार, विद्यालय, औद्योगिक करिडोर र नदी तटीय क्षेत्रमा हरियाली बनाउन र भु-संरक्षण एवं पहिरो निन्त्रणको लागि वृक्षारोपण एवम् रोकथामका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै विपद्जन्य घटनाको पूर्व तयारी तथा प्रतिकार्य गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरेको छु ।

२५.सबै घरको वातावरणलाई स्वच्छ एवम् स्वस्थ्य राख्न **"एक घर एक बगैंचा कार्यक्रम"** संचालनका लागि यस बर्ष **एक घर न्युनतम पाँच फुलको विरुवा** निशुल्क वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु । वातावरण तथा विपद व्यवस्थापनका लागि रु १ करोड ५६ लाख बजेट विनियोजन गरेको छु ।

**२६.** गाउँपालिका भित्र रहेका अति विपन्न घरपरिवारलाई स्वरोजगार एवम् आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारण गर्नका लागि **"विपन्नसँग अध्यक्ष"** कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिइएको छु ।

२७. महिला, दलित, सिमान्तकृत लक्षित समुदाय तथा अन्य घरेलु हिंसाबाट पिडित महिलाहरुलाई लक्षित गरि विभिन्न सीपमूलक तालिम मार्फत उनीहरुको आर्थिक सशक्तीकरण तथा सवलीकरणका लागि **"उद्यमीसँग उपाध्यक्ष"** कार्यक्रम संचालनका लागि अवश्यक बजेट विनियोजन गरेको छु ।

२८. वित्तीय एवं संस्थागत व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउन, लेखा प्रणालीलाई सुदृढीकरण गर्न, करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन, कर्मचारीको क्षमता अभिवृद्धि गर्न र वित्तिय सुशासन अभिवृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२९.विगत ३ वर्ष देखि संचालित महिला सशक्तिकरण तथा संस्थागत विकास परियोजना गेम चेन्जर परियोजनालाई निरन्तरता दिई परियोजनाको लक्ष हासिल गर्न प्रभावकारीता वृद्धि गर्न रु. १ करोड विीयोजन गरेको छु । परियोजनालाई थप व्यवस्थित वनाउन वडा स्तरिय परियोजना समन्वय समिति र गाउँपालिका स्तरिय समन्वय समिति गठन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३०. लक्षित समुदाय अन्तर्गत जनजाती, राई, दलित, चेपाङ, वादी, मुस्लिम, लगायत अपांगता एवं जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा, क्षमता अभिवृद्धि, जिविकोपार्जन  तथा उद्यमशिलताको विकास गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३१. गाउँपालिकाको सेवा सुदृढिकरणको लागि जिम्वेवारी प्रति प्रतिवद्ध तथा उच्च मनोबलयुक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले सुशासनको अनुभूत गर्ने हुँदा कर्मचारीको क्षमता अभिवृद्धि गर्न, गाउँपालिकाको संगठन र संस्थागत विकास गरी सुदृढ प्रशासन कायम गर्न र कार्यालयको प्रशासनिक तथा उपभोग खर्चमा आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. कार्यालयलाई प्रविधिमैत्री बनाउन र गाउँपालिकाको निश्चित क्षेत्रलाई फ्रि वाईफाई जोन (free wifi zone) बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै गाउँपालिका र वरपरका क्षेत्र, सबै माध्यमिक विद्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा CCTV जडानको कार्यका लागि बजेट विनियोजन गरेको छु ।

३३. निश्चित मापदण्डको आधारमा हरेका वडामा समानुपातिक विकास गर्ने उद्देश्यले वडास्तरबाटै योजना कार्यान्वयन हुने व्यवस्था मिलाएको छु ।

३४.गाउँपालिकाको विकास र समृद्धिमा संचार क्षेत्रले पुर्‍याएको योगदानको उच्च मुल्यांकन गर्दै संचारमैत्री कार्यक्रमहरु मार्फत सुशासन र पारदर्शितामा वृद्धि गर्न आवश्यक वजेट विनियोजन गरेको छु । समृद्धिको लागि सहयात्रा, जनतासंग अध्यक्ष, न्यायिक आवाज कार्यक्रमको निरन्तरता दिदैं युवा तथा जेष्ठ नागरिकहरुको लागि  विषेश कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

३५. कला साहित्यको विकास एवं प्रवर्धन गर्दै नव प्रतिभाहरुको खोजी गर्न कला साहित्य तथा प्रतिभा प्रदर्शनका कार्यक्रमहरु संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

३६. विकास साझेदार संस्थाहरु मार्फत संचालन गरिने विकास कार्यक्रमहरुमा थप प्रोत्साहन तथा प्रभावकारी अनुगमनको व्यवस्था मिलाउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अन्त्यमा, चालु आ.व.को हालसम्मको आय व्ययको विवरण (गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाट भएका आयोजनागत विनियोजन एवं संशोधन समेत), आय व्ययको संशोधित अनुमान, आगामी आर्थिक वर्षको विषय क्षेत्रगत, आयोजनागत बजेटको अनुमानित विवरण समेटिएको वार्षिक योजना पुस्तिका छिट्टै सार्वजनिक गरिनेछ ।  प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने

गाउँपालिका अध्यक्ष ज्यू, कार्यपालिका सदस्यज्यू, गाउँसभा सहस्यज्यू, विज्ञ महानुभावहरु, राजनीतिज्ञज्यूहरु लगायत सम्पूर्ण थाक्रेवासी दाजुभाई तथा दिदीबहिनी एवं अहोरात्र खटिने कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

अम्बिका रुपाखेती पौडेल

उपाध्यक्ष

थाक्रे गाउँपालिका
मिति २०७८ आषाढ ९ गते बुधबार ।